आज मिति २०८२ साल असोज ५ गतेका दिन त्रिपुरासुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८२।०८३ को दोश्रो बैठक अध्यक्ष श्री भक्तध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्त ध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री सुनिल नेपाली | |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: सडक मर्मत, सुधार तथा सरसफाई सम्बन्धमा।

प्रस्ताव नं. २ : वडा स्तरबाट छनौट भई आएका योजनाहरु स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ३ : स्थानीय विपद् व्यवस्थापन समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ४ : लघु जलविद्युत आयोजना संचालनको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ५ : विविध।

**निर्णयहरु:**

**निर्णय नं. १ (क) :** त्रिपरासुन्दरी गाउँपालिकाको सबै वडाहरु अन्तर्गत रहेका प्रमुख र सहायक सडकहरु वर्षादको समयमा बाढी पहिरोको कारण अवरुद्ध भई यातयात सहज रुपमा संचालन हुन नसक्ने अवस्था रहेकोले हिन्दुहरुको महान चाड विजयादशमी भन्दा अघि नै सडकहरु मर्मत संभार गरी सहज सूचारु गर्नको लागि स्वीकृत लागत अनुमान बमोजिमको मर्मत सम्भार गराई प्राविधिक कार्यसम्पन्न प्रतिवेदनको आधारमा "सडक मर्मत सम्भार" शिर्षकबाट भुक्तानी प्रदान गर्न कार्यालयलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. १ (ख) :** त्रिपरासुन्दरी गाउँपालिकाको सबै वडाहरु अन्तर्गत रहेका प्रमुख र सहायक सडकहरु वर्षादको समयमा बाढी पहिरोको कारण अवरुद्ध भई यातयात सहज रुपमा संचालन हुन नसक्ने अवस्था रहेकोले अवरुद्ध सडक सरसफाई गर्नको लागि अमानत विधिबाट सडक सुधार गरी "सडक मर्मत सम्भार" शिर्षकबाट भुक्तानी प्रदान गर्न कार्यालयलाई निर्देशन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २:** त्रिपुरासुन्दरी गाउँपालिका रोजगार सेवा केन्द्र अन्तर्गतको आ.व. २०८२/०८३ मा सञ्चालन हुने योजनाहरु वडा बाट प्राप्त भई स्थानीय निर्देशक समितिबाट अनुमोदनको लागि पेश भएको आयोजनाहरु **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७** बमोजिम रहेको हुदाँ तपसिलका योजनाहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.स | योजनाको विवरण | वडा नं. | कैफियत |
|---|---|---|---|
| १. | हाडीखोला टुङ्गाथली घोर्थली लप्से चौर सडक मर्मत | १ | |
| २. | गौरुङ टोल वि.क. टोल राम मा.वि हुदै गुरुङ गाउँ देखि मगर गाउँ सम्म सिँढीबाटो निर्माण | २ | |
| ३. | सल्लेनी लुङ्गुर्पा सिँढीबाटो तथा कान्ले सल्लेनी डाँडा सुन्तला बगान सरसफाई तथा गोडमेल | | |
| ४. | बाहमुरे-भुतेडाँडा गैरबारी भीर सिँढीबाटो निर्माण | ३ | |
| ५. | जोगिस्वारा-पानीघाट-फापरचौर डाँडाघर सिँढीबाटो निर्माण | | |
| ६. | जामुने-ख्यालडाँडा-देउपूज्य कुवा सिँढीबाटो निर्माण | | |
| ७. | ठूलोखेत-एक्लेविर्ता-राम्चेढुङ्गा सिँढीबाटो निर्माण | | |